राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

५ नं.प्रदेश, नेपाल

मिति २०७५/१२/२४

## प्रधानमन्त्री रोजगार कार्यक्रमको

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना !!!

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियामावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६/०७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेराजगार व्यक्ति (एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८ वर्षदेखि ५९ वर्ष उमेर समूहको नागरिक) हरुले २०७५ चैत्र मसान्तभित्र यस गाउँपालिका भित्र स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा गई तपसिल बमोजिमका कागजातहरु सहित बेरोजगार व्यक्तिको सूचीमा समावेश हुने आवेदन फाराम (अनुसूची १) भरी बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. नेपाली नागरिकताको फोटोकपी - १ प्रति

२. बसाईसराई भएमा बसाईसराईको फोटोकपी - १ प्रति

३. तालिम तथा अनुभव प्रमाणपत्रहरुको फोटोकपी - १ प्रति

४. अधिकतम शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी - १ प्रति

५. हालसालै खिचेको पासपोर्ट साईजको फोटो - १ प्रति

प्रमुख प्रशासकिय अधिकृत

**(नोटः- अनुसूची — १ फाराम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सक्नु हुनेछ )**